आज मिति २०८१ साल पौष २९ गते शुक्रबारका दिन बिहान ९:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कणदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री बिमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता वि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

आमन्त्रित

श्री तिलक रावल — अधिकृत छैठौं

श्री सन्तोष सापकोटा — लेखापाल

इं.श्री शिवराज गोसाईं — इन्जिनियर

मिति २०८१/०९/२९ गतेको कार्यपालिकाको १५६ औं बैठकमा पेस भएका प्रस्तावहरु

| क्र.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | LISA र FRA सम्बन्धम । | प्रस्ताव नं. १ माथि छलफल गर्दा गत आ.ब. २०८०/०८१ को त्रिवेणी गाउँपालिकाबाट सम्पादित क्रियाकलापहरुको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी गरिएको स्थानीय तह संस्थागत क्षमता स्वमुल्याकंन कार्यविधि, २०७७ र स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि,२०७७ बमोजिम अनलाईन पोर्टलमा प्रविष्टी गर्दा LISA र FRA मा क्रमशः १०० पुर्णाङ्कमा ९१.२५ र ९८.५ प्रारम्भिक नजिता प्राप्त भएकोले सो सम्बन्धी छलफल र समीक्षा गर्ने । साथै आगामी आ.व. मा कार्यालयले कार्यसम्पादन गर्दै गर्दा LISA र FRAसँग सम्बन्धीत कागजातहरु संकलन गर्दै गई अझैं उत्कृष्ट नतिजा प्राप्तिका लागि लाग्न कर्मचारीलाई निर्देशन दिने । | |
| २ | पशु अधिकृत सातौंको नियुक्ति सम्बन्धमा । | त्रिवेणी गा.पा. रिक्त दरबन्दी पशु सेवा अन्तर्गत पशु चिकित्सक सातौंमा कर्णाली प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आउनु भएका मिना पुनलाई नियुक्ति दिने । | |
| ३ | सातौं तह कायम सम्बन्धमा । | कर्णाली प्रदेश स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को दफा ८ को उपदफा १ र ३ बमोजिम नियुक्त भएका तपशिल बमोजिमका कर्मचारीको सातौं तह कायम गर्ने ।<br>तपशिल<br><table><tr><th>क्र.स.</th><th>नाम,थर</th><th>सेवा/समुह</th><th>तह.</th><th>पद</th></tr><tr><td>१</td><td>तिलक रावल</td><td>स्थानीय सेवा/प्रशासन</td><td>७</td><td>शाखा अधिकृत</td></tr><tr><td>२</td><td>शिवराज गोसाई</td><td>स्थानीय सेवा/ इन्जिनियरिङ</td><td>७</td><td>इन्जिनियर</td></tr><tr><td>३</td><td>गणेश प्रसाद आचार्य</td><td>स्थानीय सेवा/ शिक्षा</td><td>७</td><td>बरिष्ठ शिक्षा अधिकृत</td></tr></table> | |
| ४ | युनिसेफ नेपाल, समाज जागरण केन्द्र (स्याक) | युनिसेफ नेपाल, समाज जागरण केन्द्र (स्याक) नेपाल र त्रिवेणी गाउँपालिकाद्धारा संचालित गुणस्तरीय सिकाईका लागि विद्यालय | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | नेपाल र त्रिवेणी गाउँपालिकाद्धारा संचालित गुणस्तरीय सिकाईका लागि विद्यालय शिक्षा कार्यक्रमको बालविकास संयोजक अधिकृत स्तर छैठौंको विज्ञापन सम्बन्धमा । | शिक्षा कार्यक्रमको बालविकास संयोजक अधिकृत स्तर छैठौंको विज्ञापन गर्ने । | |
| ५ | आ.ब. २०८०/०८१ को महालेखा परीक्षकको प्रारम्भिक लेखापरीक्षण सम्बन्धमा । | आ.ब. २०८०/०८१ को महालेखापरीक्षकको प्रारम्भिक लेखापरीक्षणबाट प्राप्त बेरुजु रु १८ लाख १३ हजार ८ सय १४ मध्येमा कागजात पेश गरी फर्छ्यौट गर्न सकिने बेरुजु यथासिघ्र फर्छ्यौट गरी बेरुजु घटाउन कार्यालयलाई निर्देशन दिने । | |
| ६ | विविध सम्बन्धमा । | आ.ब. २०८०/०८१ मा त्रिवेणी गाउँपालिका र आसमान नेपाल विच भएको सम्झौता वमोजिम आसमान नेपाल अन्तर्गतको सिकाई सल्लाहकारको निरन्तरता दिने ।<br>- त्रिवेणी गाउँपालिकाका तपसिल वमोजिमका ठेक्काको म्याद थप सम्बन्धमा ।<br>क) प्रशासकिय भवनको म्याद थप सम्बन्धमा।<br>ख) लुहाम फलाबाङ मखनटाकुरी हुँदै दाङ जोड्ने सड्कको म्याद थप सम्बन्धमा ।<br>ग) कोलचौरखोला कोलचौर खज्जर अनरुद्र हुँदै दाङ जोड्ने सड्कको म्याद थप सम्बन्धमा । | |

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णयहरु

निर्णय नं. -१, प्रस्ताव नं. १ माथी छलफल गर्दा, गत आ.व. २०८०/०८१ को त्रिवेणी गाउँपालिकाबाट सम्पादित क्रियाकलापहरुको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी गरिएको स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि, २०७७ र स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि,२०७७ बमोजिम अनलाईन पोर्टलमा प्रविष्टी गर्दा LISA र FRA मा क्रमश: १०० पुर्णाङ्कमा ९१.२५ र ९८.५ प्रारम्भिक नजिता प्राप्त भएकोले सो सम्बन्धी छलफल र समीक्षा गर्ने । साथै आगामी आ.व. मा कार्यालयले कार्यसम्पादन गर्दै गर्दा LISA र FRAसँग सम्बन्धीत कागजातहरु संकलन गर्दै गई अझै उत्कृष्ट नतिजा प्राप्तिका लागि लाग्न कर्मचारीलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. -२, प्रस्ताव नं. २ माथी छलफल गर्दा, त्रिवेणी गा.पा.को रिक्त दरबन्दी स्थानीय कृषि सेवा, भेटेरिनरी समुह अन्तर्गत पशु चिकित्सक सातौं तहमा कर्णाली प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आउनु भएका मिना पुनलाई नियुक्ति दिने निर्णय गरियो ।

निर्णय नं. -३, प्रस्ताव नं.३ माथी छलफल गर्दा, कर्णाली प्रदेश स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को दफा ८ को उपदफा १ र ३ बमोजिम नियुक्त भएका तपशिल बमोजिमका कर्मचारीको सातौं तह कायम गर्ने निर्णय गरियो ।

तपशिल

| क.स. | नाम,थर | सेवा/समुह | तह | पद |
|---|---|---|---|---|
| १ | तिलक रावल | स्थानीय सेवा/प्रशासन | ७ | शाखा अधिकृत |
| २ | शिवराज गोसाई | स्थानीय सेवा/ इन्जिनियरिङ | ७ | इन्जिनियर |
| ३ | गणेश प्रसाद आचार्य | स्थानीय सेवा/ शिक्षा | ७ | बरिष्ठ शिक्षा अधिकृत |

निर्णय नं. -४, प्रस्ताव नं. ४ माथी छलफल गर्दा, युनिसेफ नेपाल, समाज जागरण केन्द्र (स्याक) नेपाल र त्रिवेणी गाउँपालिकाद्धारा संचालित गुणस्तरीय सिकाईका लागि विद्यालय शिक्षा कार्यक्रमको वालविकास संयोजक अधिकृत स्तर छैठौंको विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. -५, प्रस्ताव नं. ५ माथी छलफल गर्दा, आ.ब. २०८०/०८१ को महालेखापरीक्षकको प्रारम्भिक लेखापरीक्षणबाट प्राप्त बेरुजु रु ९८ लाख ९३ हजार ८ सय ९४ मध्येमा कागजात पेश

प्रमाणित

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुहाम, सल्यान
कर्णाली प्रदेश, नेपाल

गरी फर्छ्यौंट गर्न सकिने बेरुजु यथासिघ्र फर्छ्यौंट गरी बेरुजु घटाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. -६, प्रस्ताव नं. ६ माथी तपसिल वमोजिमका विविध विषय अन्तर्गत छलफल गरि निर्णय गरियो ।

क. आ.ब. २०८०/०८१ मा त्रिवेणी गाउँपालिका र आसमान नेपाल विच भएको सम्झौता वमोजिम आसमान नेपाल अन्तर्गतको सिकाई सल्लाहकारको निरन्तरता दिने।

ख. इलाका प्रहरी कार्यालय लुहामको सि.सि.टि.भी. क्यामरा मर्मत तथा क्यामराको स्टोरेज थप गर्ने ।

ग. सार्वजनिक खरिद नियामवली २०६४ को नियम १२०क. उपनियम ३ वमोजिम पालिकालाई आर्थिक व्ययभार नपार्ने प्रतिबद्धता उल्लेख गरी समयमा आयोजना सम्पन्न गर्ने लिखित प्रतिबद्धता सहित म्याद थपको निवेदन पेश गरेको हुँदा देहाय वमोजिमका आयोजनाको म्याद थप गर्ने ।

- प्रशासकिय भवनको म्याद २०८१ चैत्र मसान्त सम्म थप गर्ने
- लुहाम फलावाङ मखनटाकुरी हुँदै दाङ जोड्ने सड्कको म्याद २०८१ फागुन मसान्त सम्म थप गर्ने
- कोलचौर खोला कोलचौर खज्जर अनरुद्र हुँदै दाङ जोड्ने सड्कको म्याद २०८१ फागुन मसान्त सम्म थप गर्ने ।

प्रमाणित

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner